नि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ८८ २०७७ साल कात्तिक १६ गते आइतबार (1 Nov. 2020 Sunday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जवर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : बाराको स्वर्णगाउँपालिका ... ३ पृष्ठमा : मिथिला क्षेत्रमा 'चुमाउन'... ३ पृष्ठमा : कोरोना महामारीका ...

# त्रिप्ती मेमोरियल अस्पताललाई उपकरणहरु हस्तान्तरण




**दैनिक समाचारदाता**
**राजविराज, १५ कात्तिक ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. १ स्थित निर्माण भएको त्रिप्ती मेमोरियल नाक, कान र घाँटी (इएनटी) अस्पताललाई उपकरणहरु हस्तान्तरण गरिएको छ ।

रोटरी क्लब इन्टरनेशनल राजविराजले ईएनटी अस्पतालको लागि आवश्यक उपकरणहरु गाउँपालिका र अस्पताललाई शनिबार एक कार्यक्रमबीच हस्तान्तरण गरिएको हो ।

आयोजित कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले अस्पतालको विकासका लागि गाउँपालिकाले हरसम्भव प्रयास गर्ने बताउँदै अस्पतालको भौतिक निर्माणमा गाउँपालिकाले सहयोग गर्दै आएको जनाकारी दिए ।

उनले आगामी दिनमा पनि अस्पताललाई सहयोग निरन्तर रहने बताए । अस्पतालको सेवालाई अझ प्रभावकारी बनाउन आगामी दिनमा टेलीमेट्री प्रणाली समेत सञ्चालन गरिने बताउँदै अध्यक्ष सिंहले मिनरल वाटर प्लान्ट स्थापनाका लागि सहयोग गर्न रोटरी क्लब इन्टरनेशनल राजविराज र लायन्स क्लब अफ राजविराजलाई आग्रह गरे ।

अस्पतालका अध्यक्ष डा. अनिलकुमार झाले लामो समयको प्रयासपछि अस्पतालले विस्तारै पूर्णता पाउँदै गएकोमा खुशी ब्यक्त गर्दै सबैको सहयोगले मात्र अस्पतालले प्रभावकारी सेवा प्रदान गर्न सक्ने बताए ।

सो कार्यक्रममा रोटरी क्लब इन्टरनेशनल काठमाण्डौका पूर्व अध्यक्ष प्रताप सिंह तातेड, त्रिप्ती नारायण मेमोरियल ट्रष्टका उपाध्यक्ष किशोर झा, वडा नं. १ का वडा अध्यक्ष दिनेश्वर मिश्र, सशस्त्र प्रहरी निरीक्षक सुशील केसी, लायन्स क्लबका मनोज सापकोटासहितकाले मन्तब्य ब्यक्त गरेका थिए ।

कार्यक्रम समापन पश्चात डा. अनिल कुमार झाले गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंह र अजय प्रताप सिंहको कानको परीक्षण गरेका थिए । उपकरणहरु हस्तान्तरण भएको दिन शनिबार ११ जनाको कानको परीक्षण गरिएको छ ।

# संक्रमण निको हुने दर ७६ दशमलव ९ प्रतिशत

काठमाडौँ, १५ कात्तिक (रासस) ।

पछिल्लो २४ घन्टामा मुलुकभर दुई हजार ५०८ जनामा कोरोना सङ्क्रमण देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार नौ हजार दुई सय ७९ मा पिसिआर परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण देखिएको हो । शनिबारैको विवरणमा दुई हजार दुई सय ६४ जना निको भएका छन् । अहिलेसम्म एक लाख ३१ हजार २२२ जना निको भएका छन् । निको हुने दर ७६.९ प्रतिशत रहेको छ ।

सङ्क्रमितमध्ये नौ सय ७६ महिला र एक हजार ५३२ पुरुष

*बाँकी अन्तिम पृष्ठमा*

# लागु औषधसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १५ कात्तिक ।**

सप्तरी प्रहरीले शुक्रबार साँझ बोदेबरसाइन नगरपालिकाको बिषणपुर सडक खण्डमा लागु औषधसहित दुई जना पक्राउ गरेको छ ।

चेकजाँचका क्रममा स.११प. ८२५ नम्बरको मोटरसाइकल चढेर पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको सोही नगरपालिका वडा नं. ३ बस्ने ३१ वर्षिय सियाराम मण्डल र ३२ वर्षिय मिथिलेश कुमार मण्डल पक्राउ परेका हुन् । उनीहरुको साथबाट ८ सय १४ थान नाइट्रोभेट टेन ट्याब्लेट बरामद गरिएको प्रहरीले जनाएको छ ।

यसअघि प्रहरीले जिल्लाको बोदेबरसाईन नगरपालिकामा औषधी पसलको आडमा लागु औषध कारोबार गर्ने गरेको आरोपमा बोदेबरसाईन नगरपालिका वडा नं. १० खडकपुर बजारमा औषधी पसल तथा कुखुरा फारम संचालन गर्दै आएका ३७ वर्षिय रंजीत यादवलाई लागु औषध कारोबार संचालन गर्ने गरेको आरोपमा पक्राउ गरेको थियो ।

गोप्य सूचनाको आधारमा शुक्रबार पुगेको प्रहरी टोलीले यादवद्वारा संचालित कुखुरा फारममा छापा मार्दा धानको भुसमूनी लुकाई छिपाई राखिएको प्रतिबन्धित डाईलेक्स डि.सी. सिरप ३५ बोतल, नाईट्रोभेट ट्याव्लेट ७० पिस, नफीङ्ग इन्जेक्सन २ पिस, डाईजेलप इन्जेक्सन ७ पिस र स्पास्मो प्रोभोल ट्याव्लेट १४४ पिस बरामद गरेको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले जानकारी दिए ।



## सम्पादकीय ....

# बालबालिकाप्रति ध्यान देऊ

आधुनिक अहिलेको यूगमा हरेक व्यक्तिको जिवनशैली अत्यन्त व्यस्तताका साथ व्यतित भइरहेको छ । जसकारण आफ्नो काम कर्तव्यका कारण घरायसी काममा ध्यान दिएको देखिन्न् । व्यक्तिगत जिवनमा अहिले सबै व्यक्ति आ–आफ्नो काम विशेषका कारण अत्यन्त एकहोरो भएका छन् । त्यसमा पनि अभिभावकहरु त बालबालिकाप्रति गैरजिम्मेवार रुपमा प्रस्तुत भएको देखिन सकिन्छ ।

अभिभावकहरुले बालबालिकाहरु के गरिरहेका छन् भन्ने विषयमा चासो नदिँदा बालबालिकाहरु कुलतमा फसेको कुराको सुइको समेत पाइरहेको हुँदैनन् । अहिलेको परिवेश र आधुनिक युगमा विभिन्न आधुनिक उपकरण र बढ्दो बिलासिताले युवा तथा बालबालिकाहरु एकहोरो बन्दै गएका छन् ।

तसर्थ बालबालिकाको प्रत्येक गतिविधीलाई अभिभावकहरुले गम्भिर भएर अहिलेदेखी नै ध्यान दिन सकेनन् भने भविष्यमा यसको प्रतिफल नराम्रो समेत हुने कुरालाई मनन् गर्दै यसप्रति अभिभावक सचेत रहनु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बाराको स्वर्णगाउँपालिका घटनाको कानून राज्यमन्त्रीद्वारा अनुगमन

वीरगञ्ज, १५ कात्तिक (रासस) ।

बाराको स्वर्ण गाउँपालिका वडा नं २ मा यही कात्तिक १२ गते स्थानीय र प्रहरीबीच भएको झडपबारे बुझ्न प्रदेश नं २ का आन्तरिक मामिला तथा कानून राज्यमन्त्री सरोजसिंह कुशवाहा नेतृत्वको टोली शनिबार घटनास्थल पुगेको छ । अनुमगमनका क्रममा टोलीले जिल्ला प्रहारी कार्यालयका प्रहरी उपरीक्षक कृष्ण पङ्गेनीसँग टोलीले सोधपुछ गर्दा उहाँले प्रहरीको गोली प्रहारबाट एकजना निर्दोष बालक घाइते भएको स्वीकार्नु भएको छ । उहाँले घटनाबारे टोलीलाई जानकारी दिँदै प्रहरीले बाध्य भएर सटगणबाट गोली चलाउनु परेको बताउनुभयो । सोही क्रममा १४ वर्षीय रञ्जनकुमार यादवको कञ्चटमा गोली लाग्दा उनी सख्त घाइते भएका छन् ।

प्रहरी उपरीक्षक पङ्गेनीका अनुसार शुरुमा स्थानीयले ढुङ्गामुढा गरेपछि प्रहरीले बाध्य भएर १४ राउण्ड गोली चलाउनु परेको परेको थियो । घटनाबारे टोलीलाई जानकारी गराउँदै उहाँले झडपको क्रममा स्थानीयले घाइतेको उपचारका लागि लिन गएको एम्बुलेन्स, प्रहरी भ्यानसमेत तोडफोड गरेको जानकारी गराउनुभयो । घटना विवरण अनुसार स्थानीयले जितेन्द्र साहको स्व श्रीमतीको भोजभतेरका लागि दुईवटा मोटरसाइकलमा चार बोरा आलु र प्याज ल्याई रहेको अवस्थामा प्रहरीले समातेको घटनाबारे स्थानीय कानून राज्यमन्त्री कुशवाहालाई जानकारी गराएका छन् । सो अवसरमा राज्यमन्त्री कुशवाहाले छानबिनको क्रममा दोषी ठहरिएकालाई प्रदेश सरकारले कारवाही गर्ने आश्वासन दिनुभयो ।

घटना स्थलमा रहेका प्रदेशसभा सदस्य बच्चाप्रसाद यादवले घटनाको भर्त्सना गर्दै स्थानीय प्रहरीले ठूला तस्करलाई महिनावारी रकम लिएर लाइन दिने गरेको तर घरायसी सामान ल्याउने स्थानीयलाई प्रहरीले समातेर कुटपिट गर्ने कार्य गर्नु निन्दनीय भएको आरोप लगाउनुभयो । उक्त टोलीले घटनाबारे स्वर्ण गाउँपालिका अध्यक्ष महेन्द्रप्रसाद यादव, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु, वडा सदस्यहरु, पीडित व्यक्तिहरु, घाइते व्यक्तिहरु, जिल्ला प्रहरी कार्यालयका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपाल र बारा अस्पतालमा रहेका घाइते रञ्जन यादवसँग भेटघाट गरेका छन् ।

स्वर्ण गाउँपालिका-३ नजिक नेपाल–भारतको सन्तगन्ज सीमामा पर्दछ । ती सीमाबाट यही कात्तिक १२ गते करीब ६ बजे दुई तीन वटा मोटरसाइकलमा आलु र प्याज ल्याउँदै गर्दा सई वीरेन्द्र गिरीको कमाण्डमा खटिएको टोलीले मोटरसाइकलसहित सामानहरु बरामद गऱ्यो । केही समयसम्म लेनदेनको बार्गेनिङ्ग पनि भयो । लेनदेनको कुरा नमिलेपछि पक्राउ परेको सामानहरु इलका प्रहरी कार्यालयमा पठाइ दियो । साँझ करीब पौने आठ बजे जिल्ला प्रहरी कार्यालयबाट सामान लिन प्रहरीको भ्यान आयो ।

आलु प्याजको बोरा भ्यानमा लोड गर्न खोज्दा केही स्थानीयले त्यसको विरोध गरे । भ्यानमा सामानहरु लोड गर्न नदिएपछि प्रहरी र स्थानीयबीच झड्प भयो । सोही क्रममा प्रहरीले लाठी प्रहार गरे, लाठी प्रहारपछि स्थानीयले ढुङ्गामुढा गर्न थाले । स्थानीयहरुले ढुङ्गामुढा गरेपछि प्रहारीले गोली चलाइएको अनुगमानको क्रममा खुल्न आएको स्थानीयले बताएका छन् ।

वीरगञ्जको नारायणी बयोधा अस्पतालमा उपचार गराई रहेका बालक यादवको अवस्थामा सुधार भई रहेको चिकित्सकले बताएका छन् । यसैबीच सो घटनाबारे थप अनुसन्धानका लागि जिल्ला प्रशासन कार्यालय बाराका प्रशासकीय अधिकृतको अध्यक्षतामा चार सदस्यीय छानबिन समिति गठन गरेको छ । स्थलगत निरीक्षणको क्रममा गएका टोलीमा आर्थिक मामिला तथा योजना राज्यमन्त्री उषा यादव, सञ्चारकर्मीलगायत व्यक्ति सहभागी थियो ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**

**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# मिथिला क्षेत्रमा 'चुमाउन' विधि सम्पन्न

महोत्तरी, १५ कात्तिक (रासस)।

महोत्तरीसहित मिथिला क्षेत्रमा कोजाग्रत पूर्णिमाका दिन शुक्रबार राति नवविवाहित दम्पतीबीच 'चुमाउन' विधि सम्पन्न गरिएको छ।

मिथिलामा विवाह भएपछिको पहिलो कोजाग्रत पूर्णिमाका दिन नवदम्पतीको 'चुमाउन' विधि गरिने परम्पराअनुसार गएराति यो विधि सम्पन्न गरिएको हो।

मिथिला क्षेत्रमा खासगरी मैथिल ब्राह्मणहरूमा प्रत्येक दुई कोजाग्रत पूर्णिमाका बीच विवाह भएका जोडीबीच यो विधि मनाउने परम्परा रहेको छ। यद्यपि कायस्थ र सोनार जातिमा पनि यो विधिको प्रचलन छ। यस विधिका लागि बधु पक्ष (दुलहीका माइती)ले बस्त्रआभूषण, मिष्टान्न खाद्य परिकार लिएर दुलाहाका घर आउने चलन छ। विधिमा दुलाहा-दुलहीलाई नयाँ बस्त्र आभूषण पहिर्याउने, दुलाहाका पक्षधरलाई मिष्टान्न भोजन गराउने परम्परा रहेअनुसार यो विधि सम्पन्न गरिएको महोत्तरीको भङ्गाहा नगरपालिका-४ का मैथिल ब्राह्मण चन्द्रकान्त झाले बताउनुभयो।

चुमाउन विधिमा दुलहीका माइतीले बस्त्र आभूषण, थरिथरिका मिष्टान्न परिकार, मौसमअनुसारका फलफूल र दहीका बेग्लाबेग्लै भार (सोली) भेटका लागि ल्याउनुपर्ने चलन छ। दुलाहा-दुलहीमात्र नभई दुलाहाका बाबु-आमा, दिदी-बहिनी र अन्य आफन्तलाई समेत बस्त्र आभूषण पहिर्याएर भोजन गराउनुपर्ने भएकाले यो विधि अब महँगो र झन्झटिलो बन्दै गएको टिप्पणी नयाँ पुस्ताका युवाले गर्न थालेका छन्।

विधिमा खर्च जति दुलहीका माइती पक्षकाले गर्नुपर्ने र आमन्त्रित पाहुनाको खटनपटन दुलाहा पक्षकाले गर्ने हुँदा यो विधि महँगो हुँदै गएको महोत्तरीकै बर्दिवास नगरपालिका-२ का ३० वर्षीय युवा जितेन्द्र झाले बताउनुभयो। विगतमा सम्बन्ध गाँसेका दुवै पक्षका आफन्तबीच चिनजान बढाउने, आत्मीयता बढाउने र दशैं पर्व सम्पन्न गरिएको खुसी बाँड्ने उद्देश्यले शुरु गरिएको यो विधिमा सामान्य रूपमा बरबधुलाई धोती फेराउने, पान मखान (पानीमा फल्ने तराईको फलविशेष) प्रसादस्वरुप खुवाउने परम्परा रहेको पाका मैथिल बताउँछन्।

तर पछिल्ला केही दशकयता 'चुमाउन'मा दुलहा पक्षले सयौं आफन्त बोलाएर रवाफ देखाउने, दुलहीपक्षसँग खासखास आभूषणको माग गर्ने विकृति बढेपछि यो विधि विवाहजस्तै खर्चिलो हुने गरेको नयाँ पुस्ताका युवाको टिप्पणी छ। "बाबु पुर्खाले राम्रो उद्देश्यले शुरु गरेका 'चुमाउन' पछिल्लो एक दशकयता दाइजोको रूपमा फेरिएको छ", महोत्तरीकै सम्सी गाउँपालिकाको गेढाभेट्पुरका मैथिल ब्राह्मण ३५ वर्षीय आलोक झाले भन्नुभयो, "यो रवाफिलो बन्दै गएको विधिलाई अब बाबु पुर्खाले गर्ने गरेका सामान्य रूपमा फेर्न आवश्यक छ।"

चुमाउन विधिमा बढेको खर्च र रवाफिलो तडकभडक नियन्त्रण गरिनुपर्ने युवा पुस्ताको विचारमा मिथिला क्षेत्रका बुद्धिजीवी पनि सहमत देखिएका छन्। "यो पर्व आफन्तहरूबीच आत्मीयता बढाउन, परिचय विस्तार गर्न र योसँगै मखान पान खानेगरि शुरु गरिएको हो", प्रेस स्वतन्त्रता सेनानी रहनुभएका महोत्तरीकै जलेश्वर नगरपालिकाको परिकौलीका बासिन्दा मैथिल ब्राह्मण जातिका कुँवरकान्त झाले भन्नुभयो, "तर अब त यो आडम्वर, रवाफ र अहङ्कार प्रदर्शनमा पुगेको छ, यसलाई सरलीकृत गर्न युवा पुस्ताले पहलकदमी लिनुपर्छ।"

चुमाउन विधिको महत्व यसको सरलतामा बढ्ने भएकाले पर्वविशेषमा तडकभडक त्यागनुपर्नेमा वुद्धिजीवीसँगै नयाँ पुस्ता पनि सहमत हुँदै गएको देखिएका छन्।




## विश्व समाचार

# कोरोना महामारीका कारण पाकिस्तानका ११ अदालतमा शिलवन्दी

इस्लामावाद, १५ कात्तिक (रासस/एएनआई)।

न्यायाधीश तथा कर्मचारीहरु कोरोना भाइरसबाट सङ्क्रमित भएपछि पाकिस्तानका ११ अदालतमा शिलबन्दी गरिएको छ।

पाकिस्तानको दैनिक विवरण सार्वजनिक गर्दै आउनुभएका इस्लामावाद बार एशोसिएसनका सचिव नबिल तिहिर मिर्जाले शुक्रबार यो कुराको पुष्टि गर्नुभएको हो।

देशभर रहेका ७० अदालतहरुमध्ये ११ अदालतमा कुनै पनि काम कारवाही नहुने गरी बन्द गरिएको उहाँले जानकारी दिनुभयो। ती अदालतहरु जिल्ला तथा शुरु तहका अदालतहरु पनि रहेका छन्। बन्द गरिएका ११ अदालतका १२ जना न्यायाधीश र कर्मचारीमा कोरोना भाइरसको सङ्क्रमण देखिएको उहाँले बताउनुभयो। बारका सचिव मिर्जाले सङ्क्रमित भएकाहरुको उपचार भइरहेको पनि सञ्चारमाध्यमहरुलाई जानकारी दिनुभयो।

पाकिस्तानमा शुक्रबारसम्म कोरोना भाइरसबाट कूल सङ्क्रमितहरुको सङ्ख्या तीन लाख ३२ हजार १८६ रहेको छ। त्यसैगरी कोरोनाका कारण पाकिस्तानमा शुक्रबारसम्ममा छ हजार ७९५ जनाको मृत्यु भएको अधिकारीहरुले जानकारी दिएका छन्।

# दिल्लीमा एकैदिन अहिलेसम्मकै सबैभन्दा धेरै संक्रमित

नयाँदिल्ली, १५ कात्तिक (रासस/एएनआई)।

भारतको केन्द्रीय राजधानी रहेको दिल्ली प्रदेशमा कोरोना भाइरसबाट एकै दिन अहिलेसम्मकै धेरै सङ्क्रमित भेटिएका छन्।

सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार दिल्लीमा शुक्रबार एकैदिनमा पाँच हजार ८९१ जना नयाँ सङ्क्रमित भेटिएका हुन्। यो सङ्ख्या अहिलेसम्मकै सबैभन्दा धेरै भएको पनि उनीहरुले बताएका छन्। दिल्ली प्रदेशमा कोरोना भाइरसबाट अहिलेसम्म तीन लाख ८१ हजार ६४४ जना सङ्क्रमित भएका छन्।

पछिल्लो समयमा दिल्लीमा कोरोना भाइरसबाट सङ्क्रमित भएकाहरुको सङ्ख्या दिनप्रतिदिन बढ्दै गइरहेको छ। दिल्लीमा यसअघि गत बिहीबार पाँच हजार ७३९ जना नयाँ सङ्क्रमित भेटिएका थिए भने बुधबार पाँच हजार ६७३ जना भेटिएका थिए।

सरकारी अधिकारीहरुले सार्वजनिक गरेको विवरणअनुसार शुक्रबार दिल्लीबाट चार हजार ४३३ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन। दिल्लीमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या तीन लाख ४२ हजार ८११ पुगेको अधिकारीहरुले जानकारी दिएका छन्।

उनीहरुले दिल्लीमा अहिले ३२ हजार ३६३ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेको पनि उल्लेख गरेका छन्। त्यसैगरी कोरोना भाइरसका कारण दिल्लीमा अहिलेसम्म छ हजार ४७० जनाको मृत्यु भएको छ।

# हवाई आक्रमणमा नौ बालबालिकाको मृत्यु

बाकु, १५ कात्तिक (रासस/एएनआई)।

अजरबैजानमा पछिल्लो समयमा अर्मेनियासँगको झडपका कारण हवाई आक्रमणमा परेर कम्तीमा नौ जना बालबालिकाको ज्यान गएको छ। अजरबैजानको शिक्षा मन्त्रालयले अजरबैजान र अर्मेनियाबीचको विवादग्रस्त क्षेत्रमा भएको सो द्वन्द्वमा परेर ती बालबालिकाको ज्यान गएको जनाएको हो।

अजरबैजान र अर्मेनियाबीच पछिल्ला केही हप्ता विवादास्पद क्षेत्र नागोर्नो काराबाखमा द्वन्द्व जारी रहेको छ। त्यहाँ भएका एकअर्काविरुद्धका आक्रमणमा सयौं नागरिकले ज्यान गुमाएका छन्। यी दुई देशका बीचमा दुई पटकसम्म युद्धविराम भएको भए पनि युद्धविरामको पालना नभएको बताइएको छ। जसका कारण अहिले पनि द्वन्द्व जारी नै रहेको छ।

अजरबैजानका शिक्षामन्त्री अमिन अम्रुल्याएभले सो कुराको जानकारी दिनुभएको हो। उहाँले उक्त क्षेत्रमा पछिल्लो समयमा शुरुको भएको दुई देशबीचको द्वन्द्वका कारण नौ जना छात्रछात्राको ज्यान गएको बताउनुभएको छ। शिक्षामन्त्री अम्रुल्याएभले गत सेप्टेम्बर महिनाबाट जारी रहेको यस द्वन्द्वमा परेर विद्यालयमा अध्ययनरत नौ जना छात्रछात्राको ज्यान गएको बताउनुभएको हो।

दुई देशका बीचमा गएको सेप्टेम्बर २७ मा युद्ध भड्किएको थियो र त्यसयता आक्रमण जारी रहेको बताइएको छ। नोगोर्नो काराबाख क्षेत्रलाई आफ्नो दाबी गर्दै दुवै आक्रमण गरिरहेका छन्।

# सप्तरी क्रिकेट बिकासका लागि राजबिराजमा क्रिकेट स्टेडियम बनाउने : नगरप्रमुख शम्भु यादव




**दैनिक समाचारदाता**
**राजबिराज, १५ कात्तिक ।**

राजबिराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादबले सप्तरी क्रिकेट बिकासका लागि राजबिराजमा सुबिधा सम्पन्न स्टेडियम बनाउने प्रतिबद्धता जनाएका छन् । शनिवार राजबिराजमा आयोजित सप्तरी क्रिकेट संघको प्रथम वार्षिक साधारण सभामा बोल्दै उनले सो प्रतिबद्धता जनाएका हुन् । उनले स्टेडियमका लागि केन्द्र र प्रदेश सरकारलाई प्रोपोजल गरिसकेकोले चाडै प्रस्ताव पास हुने बताए ।

सो अवसरमा पुर्व अन्तराष्ट्रिय क्रिकेटर दिपेन्द्र चौधरीले क्रिकेट क्षेत्रलाई ब्यवसायतर्फ उन्मुख गराउनु आबश्यक रहेको बताउदै क्रिकेट खेलाडीको उत्पादन सँगै खेलाडीलाई बिकाउनु पर्नेमा जोड दिए । सप्तरीबाट प्रतिनिधित्व गर्दै नेपाली क्रिकेट टोलीमा लामो समयसम्म खेल्दै आएका चौधरीले भने क्रिकेटका लागि दिनमा तीन घण्टा समय दिए राम्रो खेलाडी उत्पादन हुनेमा जोड दिए ।

पत्रकार महासंघ सप्तरीको सभाहलमा सम्पन्न साधारण सभामा संघका सचिव चन्दन यादवले बार्षिक प्रतिवेदन पेश गर्दै गत बर्ष संचालित प्रतियोगिता तथा प्राप्त उपलब्धी बारे जानकारी गराएका थिए । सचिव यादवद्धारा पेश गरिएको प्रतिवेदनमा संघले गत बर्ष कोरोना महामारी पुर्व संचालन गरेको गतिविधीहरु बारे बिस्तृत रुपमा जानकारी गराईएको थियो ।

सचिव यादवले पेश गरेको प्रतिवेदनमा यस बर्ष सरकारले खेलकुद गतिविधी संचालन गर्न दिए पुर्ण सावधानी अपनाई मेयर कप सप्तरी प्रिमियर लिग सिजन ३, सप्तरी महिला प्रिमियर लिग सिजन २, अम्पाएर कप जिल्ला स्तरीय क्रिकेट प्रतियोगिता, अम्पाएर स्कोरर तालिम लगायतका गतिबिधी संचालन गर्ने रहेको छ ।

उक्त गतिविधी संचालनका लागि करिव ४२ लाख ६० हजार को अनुमानित बजेट खर्च हुने जनाईएको छ । सामाजिक दुरी कायम राख्दै संचालन गरिएको उक्त कार्यक्रममा साधारण सदस्य बाहेककालाई उपस्थिती गराइएको थिएन ।

कार्यक्रममा संघका कोषाध्यक्ष तुलानाथ माझीद्वारा लेखा प्रतिवेदन अर्न्तगत गत बर्ष ३१ लाख १८ हजार २ सय १८ रुपैयाको बिवरण पेश गरिएको थियो । जस अर्न्तगत सप्तरी प्रिमियर लिग सिजन २ संचालनका लागि २० लाख १३ हजार ६ सय १ रुपैया खर्च भएको थियो भने सप्तरी महिला प्रिमियर लिग संचालनको लागि ९ लाख ८९ हजार ५० रुपैया खर्च भएको थियो ।

संघले आफना नियमित खेलाडी तथा पदाधिकारीहरुको कोभिड बिमा गराउनुको साथै अन्य खर्चको बिवरण समेत पेश गरिएको थियो । कार्यक्रममा गत बर्ष संचालित मेयर कप सप्तरी प्रिमियर लिग प्रतियोगिता अर्न्तगत उत्कृष्ट प्रर्दशन गरेका रुपनी रायर्डसका अनुज यादवलाई पुर्व क्रिकेटर दिपेन्द्र चौधरीले प्रायोजन गरेको क्रिकेट ब्याट प्रदान गरिएको थियो ।

राजबिराज नगरपालिकाका नगर प्रमुख शम्भु प्रसाद यादवको प्रमुख आतिथ्यतामा तथा सप्तरी क्रिकेट संघका अध्यक्ष आयुश श्रेष्ठको अध्यक्षतामा साधारण सभा सम्पन्न भएको थियो ।

कार्यक्रममा मैथिली साहित्य परिषद सप्तरीका अध्यक्ष सतिश कुमार दत्त तथा योङ्ग ११ बरहि बिरपुरका अध्यक्ष रवी रायले आ-आफ्ना मन्तव्य राखेका थिए । कार्यक्रममा स्वागत मन्तव्य सप्तरी क्रिकेट संघका उपाध्यक्ष धमेन्द्र चौधरीले राखेका थिए भने कार्यक्रमको संचालन संघका सचिव चन्दन यादवले गरेका थिए ।

# देहरादून घटनाका विद्यार्थीको नि:शुल्क उपचारको माग

काठमाडौं, १५ कात्तिक (रासस) ।

नेपाल विद्यार्थी सङ्घले देहरादून घटनामा घाइते विद्यार्थीलाई तत्काल उद्धार गरी नि:शुल्क उपचारको व्यवस्था मिलाउन माग गरेको छ । नेविसङ्घका अध्यक्ष राजिव ढुङ्गानाले एक विज्ञप्ति जारी गरी भारतको देहरादूनस्थित शाक्य एकेडेमीमा अध्ययनरत विद्यार्थीमाथि कात्तिक १० मा निर्घात कुटपिट भएको घटनाप्रति दु:ख व्यक्त गर्दै घाइते विद्यार्थीलाई तत्काल उद्धार गरी नि:शुल्क उपचारको व्यवस्था मिलाउन माग गर्नुभएको हो ।

"अहिलेको विश्व व्यापीकरणको युगमा विश्वको जुनसुकै शिक्षालयमा गएर शिक्षा लिन चाहने व्यक्तिले असल शैक्षिक वातावरणमा शिक्षा लिन पाउनु मानव अधिकारको विषय हो, मानव अधिकारको आधारभूत विषयलाई सबै देशले सम्मानका साथ लागू गर्नुपर्छ", अध्यक्ष ढुङ्गानाले भन्नुभयो । नेविसङ्घका महामन्त्री दिपक भट्टराईले भारतको शिक्षालयमा अध्ययनरत नेपाली विद्यार्थीमाथि लक्षित गरी गरिएको आक्रमण निन्दनीय भएको बताउनुभयो । देहरादून घटनाले विश्वभर छरिएर रहेका नेपाली विद्यार्थीलाई गम्भीर बनाएको उहाँको भनाइ छ । विश्वभर छरिएर रहेका नेपाली विद्यार्थीमाथि हुने कुनै प्रकारको अभद्र व्यवहार नेविसङ्घलाई सह्य नहुने महामन्त्री भट्टराईले बताउनुभयो । नेविसङ्घले देशको भविश्य सुनौलो बनाउने सपनाका साथ स्वदेश तथा विदेशमा अध्ययन गरिरहेका विद्यार्थीलाई सबै किसिमको सुरक्षा प्रदान गर्न सरकारसँग माग समेत गरेको छ ।

### *संक्रमण निको ...*

रहेका छन् । शनिबार देखिएका सङ्क्रमितसँगै सङ्क्रमण हुनेको संख्या एक लाख ७० हजार ७४३ पुगेको छ भने सक्रिय सङ्क्रमित ३८ हजार ५८४ पुगेका छन् ।

काठमाडौंमा उपत्यकामा शनिबार एक हजार ३५७ जना सङ्क्रमित देखिएका छन् । यस्तै भेन्टिलेटरमा प्रदेश नं. १ मा नौ जना, वागमति प्रदेशमा ५२ जना, गण्डकी प्रदेशमा तीन जना, लुम्बिनी प्रदेशमा चार जना र सूदुरपश्चिम प्रदेशमा एक जना उपचार गराइरहेका छन ।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**रूपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*